आज मिति २०७८/०१/१६ गतेका दिन यस बिहादी गाउँपालिकाको कार्यालयमा बिहादी गाउँपालिकाको अध्यक्ष तथा स्थानिय विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री कमल प्रसाद भुसाल ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बैठक बसी तपशिल अनुसारको निर्णय गरियो ।

उपस्थिति

१. श्री कमल प्रसाद भुसाल - अध्यक्ष
२. श्री डम्मर कुमारी गुरुङ - उपाध्यक्ष
३. श्री ध्रुव दयाल - प्र. प्र. अ
४. श्री हेमनाथ आचार्य - वडा अध्यक्ष वडा नं १
५. श्री ओम प्र. कुवँर - ,, ,, ,, २
६. श्री भिम ब. श्रेष्ठ - ,, ,, ,, ४
७. श्री श्याम के. सी - ,, ,, ,, ५
८. श्री टेक ब. थापा - ,, ,, ,, ६
९. श्री संजय लामिछाने - इन्जिनियर
१०. श्री रोशन श्रेष्ठ - डाक्टर, कोविड अस्पताल
११. श्री दिनेश भुसाल - शिक्षा शाखा प्रमुख
१२. श्री आशिका श्रेष्ठ
१३. श्री विष्णु भुसाल - ने. का प्रतिनिधि
१४. श्री रिखीराम भुसाल - ने. क. पा माओवादी केन्द्र प्रतिनिधि
१५. श्री दशरथ शर्मा - एमाले प्रतिनिधि
१६. श्री वेधराज पौडेल - प्र. ह, बहाकीठाँटी प्रहरी चौकी
(१७) प्र.स.नि कुल ब० खड्का प्रहरी चौकी रानीपानी

प्रस्ताव:

१. मिति २०७८/०१/१६ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय सम्बन्धमा
२. सूचनामूलक / सचेतनात्मक कार्यक्रमहरु सन्चलान बारे ।
३. आइसोलेसन केन्द्र सम्बन्धमा
४. खेलकुद लगायत विभिन्न कार्यक्रम सम्बन्धमा
५. मनसुन अवधिमा क्षति भएका निजी आवास सम्बन्धमा

निर्णय :

१. मिति २०७८/०१/१६ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिले गरेका निर्णयहरूबारे जानकारी तथा छलफल गरियो। साथै उक्त निर्णयहरू कार्यान्वयन गर्ने निर्णय गरियो।

२. नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण सम्बन्धमा विभिन्न सूचनामूलक / सचेतनात्मक सूचनाहरू जनचेतनाकालागि विभिन्न माध्यमहरूबाट विहादी गाउँपालिकाले सुरक्षाकर्मीको सहयोगमा प्रकाशन / प्रशारण गर्ने निर्णय गरियो। साथै सचेतनात्मक कार्यक्रमका लागि सम्बन्धित सबै वडाका टोल विकास समिति, शिक्षा शाखा, क्लब, राजनीतिक दल, विभिन्न समुहहरूलाई परिचालन गर्ने निर्णय गरियो।

३. कोभिड-१९ बाट हुन सक्ने सम्भावित जोखिमको व्यवस्थापनका लागि गाउँपालिकाको कोभिड अस्थायी अस्पतालमा आइसोलेसन बेड सहित तयारी अवस्थामा राख्ने साथै पालिका भित्र रहेको एउटा एम्बुलेन्सलाई पनि तयारी अवस्थामा राख्ने निर्णय गरियो।

४. यस विहादी गाउँपालिका भित्र विभिन्न क्लबहरूले सञ्चालन गरेका विभिन्न खेलकुद कार्यक्रमहरू अविलम्ब रोक्ने निर्णय गरियो। साथै भिडभाड हुने विभिन्न कार्यक्रमहरू सञ्चालन ~~समान~~ नगर्नका लागि सम्पूर्ण क्लबहरू, समूहहरू टोल विकास समितिहरूलाई निर्देशन गर्ने निर्णय गरियो। साथै पालिका बाहिर हुने विभिन्न खेलकुद लगायतका विभिन्न कार्यक्रमहरूमा यस पालिकाबाट सहभागी नगराउनका लागि सम्बन्धित सबैलाई निर्देशन दिने निर्णय गरियो।

५. मिति २०७८/०१/०५ गते बसेको स्थानिय विपद् व्यवस्थापन समितिले २०७७ सालको मनसुन अवधीमा क्षति भएका निजी आवासहरूको लाभग्राही पहिचानमा परेका लाभग्राहीहरूको विवरण आवश्यक कागजात सहित जिल्ला विपद् व्यवस्थापन समिति पर्वतमा पठाउने निर्णय गरियो।